## स्थिति पत्र

# वैवाहिक समानताको प्रावधान

नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक युवाको मानव अधिकारको स्थापनाका लागि महत्वपूर्ण

RIGHT HERE RIGHT NOW

Visible Impact

यो स्थिति पत्र राइट हियर, राइट नाउ[i] सञ्जालको प्राविधिक सहयोगमा प्रकाशन गरिएको छ। राइट हियर, राइट नाउ नेपालका युवाले नेतृत्व गरेका तथा युवासँग काम गरिरहेका १५ वटा समान उद्देश्य भएका संस्थाहरूबीचको रणनीतिक साझेदारी हो। यो साझेदारी मार्फत् यी संस्थाहरूले यौन तथा प्रजनन् स्वास्थ्यमा युवाको सुधारिएको अवस्थाका लागि तीनवटा विषयगत क्षेत्रहरूमा – उमेर उपयुक्त बृहत् यौनिकता शिक्षा, वैवाहिक समानताको कानूनी मान्यता, तथा लाञ्छनारहित, युवामैत्री सुरक्षित गर्भपतन सेवामा पैरवी गरिरहेका छन्।

भिजिबल इम्प्याक्ट राइट हियर, राइट नाउको एक साझेदार संस्था हो। युवा महिलाले नेतृत्व गरेको यो संस्थाले प्रत्येक महिला, प्रत्येक किशोरी तथा प्रत्येक युवाको जीवनमा मानव केन्द्रित पद्धतिमार्फत किशोरी, महिला तथा युवाको सामाजिक तथा आर्थिक नेतृत्वलाई उजागर गर्दै देखिने प्रभाव ल्याउने लक्ष्य लिएको छ।

**यो परियोजनालाई राइट हियर राइट नाउ साझेदारीलाई नेदरल्याण्डको परराष्ट्र मामिला मन्त्रालयले आर्थिक सहयोग प्रदान गरेको छ।**

**दोस्रो संस्करणको लागी सम्पादकहरु :**
मेधा शर्मा
लक्ष्मण भट्टराई

**सर्वाधिकार सुरक्षित**

प्रथम संस्करण (१००० प्रतिलिपि), जून २०१८
दोस्रो संस्करण (६०० प्रतिलिपि), मार्च २०२०

**डिजाइनः** सौरभ थापा श्रेष्ठ

**भिजिबल इम्प्याक्ट**
२१२/४८ धापासी मार्ग, बसुन्धरा। ०१–४०१६५६३
mail.visim@gmail.com | www.visim.org

**सचिवालयः युवा**

**राइट हियर राइट नाउ**
३१० कृष्ण धारा मार्ग, महाराजगञ्ज
01-4419489, 01-4418747 info@yuwa.org.np || www.yuwa.org.np

[i] युवा संस्था सञ्जाल (आयोन), बियोन्ड बेइजिङ्ग कमिटी (बिबिसी), निल हिरा समाज (बिडिएस्), सिडिएस पार्क–मुगु, नेपाल परिवार नियोजन संघ, यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघ, नेपाल, मानव विकास तथा वातावरण संरक्षण मञ्च (हुडेप), तान नेपाल, रेस्ट्लेस् डेभ्लप्मेन्ट, ग्रामीण महिला सञ्जाल नेपाल (रूवोन), भिजिबल इम्प्याक्ट, युथ एक्सन नेपाल, युवा विकास केन्द्र, युवा, युवालय

# विषयक्रम


| | |
|---|---|
| कृतज्ञता | २ |
| परिभाषा | ३ |
| सारांश | ४ |
| परिचय | ६ |
| नेपालको यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अभियानको इतिहासमा वैवाहिक समानताको स्थान | ७ |
| नेपालमा वैवाहिक समानतालाई समर्थन गर्ने वा अवरोध गर्ने राजनीतिक वातावरण | १० |
| वैवाहिक समानतासँग सान्दर्भिक हुने मानव अधिकारसम्बन्धी नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू | १२ |
| वैवाहिक समानतालाई वैध बनाउनु किन महत्वपूर्ण छ ? | १३ |
| विश्वभरीका केही राम्रा अभ्यासहरू | १६ |
| आव्हान | १७ |
| सन्दर्भ सामग्री | १८ |

# कृतज्ञता

यो स्थिति पत्र राइट हियर, राइट नाउ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा तयार पारिएको हो । हामी राइट हियर, राइट नाउका सबै सदस्य संस्था र विशेषगरी सञ्जालको "वैवाहिक समानता" विषयको विषयगत समूहका सदस्यहरूप्रति उहाँहरूले गर्नुभएको अमूल्य सहयोगका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छौँ ।

यो दस्तावेजमा प्राविधिक सहयोग गर्नुहुने विषय विज्ञहरू सुजन पन्त, मनीषा ढकाल, अपेक्षा दाहाल र अनुज राइ पिटरलाई हामी विशेष धन्यवाद दिन चाहन्छौँ ।

शिल्पा लामिछानेलाई यस स्थिति पत्रको पहिलो संस्करणको लेखकको रूपमा सेवा गरेकोमा आभार व्यक्त गर्न चाहन्छौँ । हामी राइट हिअर, राइट नाउका राष्ट्रिय संयोजक श्री राजेन्द्र महर्जनका साथै भूतपूर्व राष्ट्रिय संयोजक श्री कमल गौतमले प्रदान गरिदिनु भएको विज्ञहरूसँगको सम्पर्क तथा सञ्जाल र यो स्थिति पत्र तयार पार्ने सम्पूर्ण समयावधिमा प्रदान गर्नु भएको मार्गदर्शनका लागि आभार व्यक्त गर्न चाहन्छौँ । त्यसैगरी, एशियन प्यासेफिक रिसर्च एण्ड रिसोर्स सेन्टर फर वुमेन (ARROW) की सम्रिन शाहबाजलाई यो स्थान पत्रको तर्जुमा दौरान प्रदान गर्नुभएको मार्गनिर्देशन तथा पृष्ठपोषणका लागि धन्यवाद दिन चाहन्छौँ ।

विशेष धन्यवाद, नेपाल तथा विश्वभरी वैवाहिक समानता तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकारको लागि पैरवी गरिरहेका सम्पूर्णमा ।

लेखकद्वय

# परिभाषा

यौनिक तथा लैङ्गिक अल्पसंख्यक दम्पत्तीहरूको वैवाहिक अधिकारको समानतासँग जोडिएका पैरवी तथा बहसहरूमा दुईवटा शब्दावली प्रायः प्रयोग भएका पाइन्छन् – समलिङ्गी विवाह र वैवाहिक समानता ।

**समलिङ्गी विवाह** एकै प्रकारको प्राकृतिक लिङ्ग वा लैङ्गिक पहिचान भएका दुई व्यक्तिहरूबीचको सामाजिक वा धार्मिक अनुष्ठानअनुसार हुने विवाह हो । यो समान लिङ्ग भएका दुई व्यक्तिबीचको वैवाहिक जीवनमा जोडिने अवस्था हो, जसमा देहायको कानूनी क्षेत्राधिकारको अधीनमा रही पूर्ण कानूनी अधिकार र कर्तव्य हुन्छन् ।[२]

**वैवाहिक समानता** भन्नाले एक यस्तो राजनीतिक व्यवस्था हो जसमा समान लिङ्ग भएका विवाहित दम्पत्ति तथा विपरीत लिङ्ग भएका दम्पत्तिलाई कानूनी रूपमा समान ठानिन्छ । यसमा विवाहित दम्पतीहरू एकै लिङ्गको वा भिन्न लिङ्गको जेसुकै भएता पनि उनीहरूलाई अधिकार तथा लाभको समान वितरण गरिन्छ ।[१]

*★समालिङ्गी विवाहले एउटै लिङ्ग भएका व्यक्तिहरू (समलिङ्गी पुरूष, समलिङ्गी महिला मात्र)बीच हुने विवाहलाई जनाउँछ भने वैवाहिक समानता आफैँमा एक बृहत् शब्दावली हो जसले एकै वा भिन्न प्रकारको यौन अभिमुखीकरण तथा लैङ्गिकता भएकाबीच हुने विवाह जनाउँछ र एउटा राजनीतिक अवस्था हो जहाँ दुई व्यक्तिहरूलाई विवाह गर्ने र सम्पत्ति आर्जन गर्ने, बच्चा धर्मपुत्र वा धर्मपुत्रीको रूपमा पाल्न पाउने आदि अधिकार हुन्छ । राइट हियर राइट नाउ (RHRN) नेपालले यस दस्तावेजमा वैवाहिक समानता भन्ने शब्दावली प्रयोग गरेको छ किनभने यसले विवाहलाई हेर्ने सघन पद्धतिमा विश्वास गर्दछ । तथापि, नेपालमा हाल तयार गरिएको विधेयकले "समलिङ्गी विवाह" भन्ने शब्दावली प्रयोग गरेको छ किनभने उक्त विधेयक वर्षौं पहिले नै तयार गरिएको थियो र सम्पूर्ण प्रक्रियाको दौरानमा सोही शब्दावली प्रयोग गरिँदै आइएको छ । समलिङ्गी विवाहको आशय सम्पूर्ण यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको विवाहको अधिकार सुनिश्चित गर्नु रहेको कुरा बुझेर RHRNले उक्त मस्यौदा विधेयक स्वीकार्नुका साथै सो विधेयकको स्वागत पनि गर्दछ । तथापि, सम्भव भएको अवस्थामा, अभियन्ताहरूलाई वैवाहिक समानता भन्ने शब्दावली प्रयोग गर्न पनि प्रोत्साहित गर्दछ ।*

# सारांश

## परिचय

हालसम्म विश्वका २८ वटा देशहरूले समलिङ्गी जोडीहरूलाई विवाह गर्ने अनुमति दिने राष्ट्रिय कानूनहरू कार्यान्वयन गरिसकेका छन् तर नेपालले भने वैवाहिक समानता हासिल गरिसकेको छैन । विवाहको रोजाइ मानव अधिकार हो भन्ने स्वीकार्दै राइट हियर राइट नाउ नेपाल सञ्जालले नेपालमा वैवाहिक समानताको कानूनी मान्यताका लागि पैरवी गर्दै आइरहेको छ । यस स्थिति पत्रले नेपालमा कानूनी तथा सामाजिक राजनीतिक दृष्टिकोणबाट वैवाहिक समानताको अवस्था माथि प्रकाश पार्ने तथा सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूलाई नेपालमा वैवाहिक समानतालाई वैध बनाउन सिफारिस गर्ने उद्देश्य राखेको छ ।

## सन्दर्भ

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई भेदभावको विरूद्ध कानूनी संरक्षण प्रदान गर्ने एसिया क्षेत्रमा नेपाल पहिलो राष्ट्र हो । नेपालले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मौलिक अधिकारलाई संविधानमा नै मान्यता दिएको छ । यसका साथै विश्वव्यापी मानव अधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, तथा दिगो विकास लक्ष्यहरू जस्ता मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूमा हस्ताक्षर गरेर नेपालले वैवाहिक मान्यताप्रतिको आफ्नो प्रगतिशील धारणा अभिव्यक्त गरेको छ ।

नेपालमा वैवाहिक समानतालाई कानूनी मान्यता दिनको लागि केही सफलताहरू हासिल भएका छन् । नागरिक समाजबाट बढ्दो मागका कारण सन् २००७ मा अदालतले सरकारलाई समलिङ्गी सम्बन्ध/साझेदारी अध्ययन गर्नका लागि समिति गठन गर्ने आदेश दियो । सन् २०११ मा, उक्त समितिले नेपाललाई वैवाहिक समानता, परिवार संरक्षण अवलम्बन गर्न तथा मुलुकी देवानी संहिता तथा मुलुकी अपराध संहिताबाट भेदभावपूर्ण प्रावधानहरू हटाउन सिफारिस गऱ्यो । सन् २०१६ मा, राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई समलिङ्गी विवाहको अनुमति दिने विधेयक ल्याउन आग्रह गऱ्यो जसपश्चात् महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (हालको महिला, बालबालिका, तथा ज्येष्ठ नागरिक मन्त्रालय)ले यस विषयमा मस्यौदा विधेयक तयार पार्ने उद्देश्यले एउटा उच्चस्तरीय विज्ञ समिति गठन गऱ्यो । समलिङ्गी विवाह प्रतिवेदन हाल महिला, बालबालिका, तथा ज्येष्ठ नागरिक मन्त्रालयमा विचाराधीन छ तर हालसम्म कुनै प्रगति भएको छैन ।

वैवाहिक समानता समर्थन गर्ने कानूनको अभावमा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक जोडीहरूले विभिन्न चुनौतीहरूको सामना गरिरहेका छन् जसले उनीहरूको विवाह गर्ने पाउने अधिकार हनन् गर्दछन् । जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD) का अनुसार, प्रत्येक व्यक्तिलाई आफू विवाह गर्ने कि नगर्ने र कहिले रकोसँग विवाह गर्ने भन्ने कुराको स्वतन्त्र निर्णय गर्ने अधिकार हुन्छ । विवाह र स्वास्थ्यसम्बन्धी भएका अनुसन्धानहरूले एकनाससँग देखाउँछन् कि विवाहित मानिसहरूले थप सुखी, स्वस्थ, र दीर्घायु जीवन जिउँछन् । कानूनीरूपमा मान्यता प्राप्त समलिङ्गी विवाहमा हुँदा विपरीत लिङ्गी र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको बीचमा हुने मानसिक स्वास्थ्यको अन्तर न्यूनीकरण हुने र यस जोखिममा रहेको समुदायको स्वास्थ्यको अवस्थामा सकारात्मक प्रभाव पर्ने देखिएको छ । विवाह गर्नबाट वञ्चित गर्नु मानव अधिकारको उल्लंघन मात्र नभएर यसले अन्य कानूनी परिणामहरू पनि ल्याउँछ जस्तै जोडीको सम्पत्ति पहुँच गर्दा वा सम्बन्धविच्छेद भएको अवस्थामा सगोलमा रहेको सम्पत्तिको स्वामित्वको निर्णय गर्दा, पहिचान सहित बस्नेकोठा भाडामा लिँदा, र समलिङ्गी वा विपरीत लिङ्गी बच्चालाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा पाल्दा ।

## आव्हान

माथि प्रस्तुत गरिएको छलफलको आधारमा, RHRNले नेपाल सरकारलाई निम्न कुराहरू कार्यान्वयन गर्न र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूसँग वा उनीहरूको हकअधिकारका लागि काम गरिरहेका निर्णयकर्ता तथा संस्थाहरू, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय अभियन्ताहरू, मानव अधिकार अभियन्ताहरू, युवा, सञ्चारकर्मी आदिलाई निम्न कुराहरूको लागि पैरवी गर्नका लागि आव्हान गर्दछ :

- वैवाहिक समानतालाई संस्थागत गरेर सकेसम्म चाँडो नेपालका सबै तहमा - संघीय, प्रादेशिक, तथा स्थानीय तहमा वैवाहिक समानतालाई वैधानिक बनाउन ।

- मुलुकी देवानी संहिता (किनभने यसले अध्याय ३को पारिवारिक कानूनअन्तर्गत विवाहसम्बन्धी व्यवस्थामा "पुरूष र महिला" मात्र उल्लेख गरेको छ) जस्ता भेदभावपूर्ण कानून जुन मुलुकी अपराध संहिता (जसले विवाहलाई दुई व्यक्तिको "मिलन"को रूपमा परिभाषित गरेको छ) विपरीत छ, लाई संशोधन गर्न । साथै यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई स्वतन्त्र र जिम्मेवारीपूर्वक आफ्नो जीवनसाथी रोज्ने, उनीहरूको अधिकार भेदभाव गर्ने अन्य सबै कानूनहरू पनि संशोधन गर्न ।

- सन् २००७को सर्वोच्च अदालतको फैसलाअनुसार गठन भएको समलिङ्गी विवाह समितिले सरकारसमक्ष पेश गरेका सुझावहरूलाई तुरून्त कार्यान्वयन गर्न ।

- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मानव अधिकारसम्बन्धी कानूनी प्रावधानलाई सही तरिकाले लागू गर्ने तथा व्याख्या गर्ने सरकारको क्षमता तीनै तहमा विकास गर्न ।

- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय प्रति यौनबारेमा सकारात्मक सोच, लिङ्गसम्बन्धी समर्थक मनोवृत्ति, दृष्टिकोण तथा व्यवहार प्रवर्द्धन गर्न सञ्चार माध्यम, विद्यालय पाठ्यक्रम तथा परिवर्तनका अन्य संवाहकलाई अनुरोध गर्न ।

# परिचय

वैवाहिक समानतालाई मान्यता दिने कार्यलाई राजनीतिक, सामाजिक, तथा धार्मिक चासोको विषयको रूपमा लिइन्छ । समलिङ्गी विवाहलाई खुला रूपले स्वीकार्ने र यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूलाई विवाह गर्न दिने समुदायहरू विश्वभरी नै पाइन्छन्, तथापि केही आस्थाहरूले भने वैवाहिक समानताको विरोध गर्ने गर्दछन् ।[३] वैवाहिक समानताको विरोध गर्ने व्यक्तिहरू समलैङ्गिकता अप्राकृतिक तथा असामान्य कुरा भएको र समलिङ्गी विवाहलाई मान्यता दिनाले समाजमा समलैङ्गिकतालाई प्रवर्द्धन गर्दछ र बालबालिका विपरीत लिङ्गका दम्पतीहरूले हुर्काएको राम्रो हुन्छ भन्ने विश्वास गर्दछन् ।[४] यी दाबीहरूलाई विज्ञानले गलत ठहऱ्याएको छ । विज्ञानका अनुसार समलैङ्गिकता सामान्य र प्राकृतिक मानवीय यौनिकता हो र यौन अभिमुखीकरण छनौट गर्न वा प्रभावित पार्न मिल्दैन र समलिङ्गी दम्पतीले हुर्काएका बालबालिकाहरू विपरीत लिङ्गी दम्पतीले हुर्काएका बालबालिकाहरू भन्दा कुनै पनि रूपमा भिन्न हुँदैनन् ।[५]

विवाहको रोजाइ मानव अधिकार हो भन्ने स्वीकार्दै राइट हियर राइट नाउ नेपाल सञ्जालले वैवाहिक समानताको कानूनी मान्यताका लागि पैरवी गर्दै आइरहेको छ ताकि सबै लिङ्ग तथा लैङ्गिकताका अल्पसंख्यक जोडीहरूले स्वतन्त्र तथा जिम्मेवारीपूर्वक आफ्नो विवाहकाबारेमा रोज्न पाऊन् ।

यस स्थिति पत्रले नेपालमा कानूनी तथा सामाजिक राजनीतिक दृष्टिकोणबाट वैवाहिक समानताको अवस्था माथि प्रकाश पार्ने तथा सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूलाई नेपालमा वैवाहिक समानतालाई वैध बनाउन सिफारिस गर्ने उद्देश्य राखेको छ । यो पत्र RHRN सञ्जालका सबै सदस्य संगठनहरूका लागि नेपालमा वैवाहिक समानता हासिल गर्नका लागि संयुक्त पैरवी गर्ने आधार बन्नेछ ।

## विश्वभरी वैवाहिक समानताको परिदृश्य

विश्वका करिब दुई दर्जन जति देशहरूमा (देशभरी वा केही भूभागहरूमा) वैवाहिक समानतालाई कानूनी मान्यता प्राप्त छ तर यो अवस्थासम्मको यात्रा छोटो र सजिलो थिएन । यूरोपमा समलिङ्गी व्यवहारलाई सामाजिक रूपमा अस्वीकार्य मानिन्थ्यो र १८औं र १९औं शताब्दीमा खुलारूपमा समलिङ्गी हुनुको सजाय साधारणतया मृत्युदण्ड हुने गर्दथ्यो ।[६] संयुक्त राज्य अमेरिकामा, लैङ्गिक तथा यौनिकतामा आधारित विभेद विनाको विवाहको लागि नागरिक अधिकारको अभियान सन् १९७०को दशकमा शुरू भएको थियो ।[७] सन् १९८९ मा, डेनमार्कले सम्बन्ध दर्ता गर्ने प्रावधान भएको विधेयक पारित गऱ्यो जसले समलिङ्गी जोडीहरूलाई विवाहको अधिकांश अधिकारहरू दियो ।[८] २०औं शताब्दीको अन्त्यतिर, कानूनी मान्यता विनाका समलिङ्गी विवाहरू व्याप्त हुन थाले । आधुनिक कालमा वैवाहिक समानता स्थापना गर्ने कानून पहिलो पटक नेदरल्याण्डस्मा सन् २००० मा पारित भएको थियो र सन् २००१ मा कार्यान्वयन भएको थियो ।[९]

हाल, विश्वभरी, २८ वटा देशहरूले समलिङ्गी जोडीहरूलाई विवाह गर्न अनुमति दिने राष्ट्रिय कानूनहरू लागू गरेका छन् जसमा द नेदरल्याण्डस्, बेल्जियम, क्यानडा, स्पेन, दक्षिण अफ्रिका, नर्वे, स्वीडेन, अर्जेन्टिना, आइसल्याण्ड, पोर्चुगल, डेनमार्क, बेलायत र वेल्स, फ्रान्स, न्यू जिल्याण्ड, ब्राजिल, उरुग्वे, लक्जेमबर्ग, स्कटल्याण्ड, फिनल्याण्ड, आयरल्याण्ड, ग्रिनल्याण्ड, संयुक्त राज्य अमेरिका,कोलोम्बिया, जर्मनी, माल्टा, अष्ट्रेलिया, इक्वेडर र ताइवान पर्दछन् ।[१०] नेपालको हकमा, वैवाहिक समानता (समलिङ्गी विवाह) अझै वैध भइसकेको छैन ।[११]

# नेपालको यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अभियानको इतिहासमा वैवाहिक समानताको स्थान

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई भेदभावको विरूद्ध कानूनी संरक्षण प्रदान गर्ने एसिया क्षेत्रमा नेपाल पहिलो राष्ट्र हो ।[११] नेपालले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मौलिक अधिकारलाई संविधानमा नै मान्यता दिएको छ । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मानिसहरूले पूर्ण रूपमा आफ्ना अधिकारहरू उपयोग गर्न पाइराखेका छैनन् । तथापि, उक्त अधिकारहरूलाई संविधानमा स्थान दिनाले उनीहरूको अधिकार संरक्षणको लागि ठोस आधार तयार भएको छ ।

नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अभियान सन् २००१ मा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकार हासिल गर्ने उद्देश्यले निल हिरा समाज नामक राष्ट्रिय संस्थाको स्थापना भएसँगै शुरू भएको मानिन्छ । निल हिरा समाज हाल नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकार रक्षा गर्नका लागि काम गरिरहेको सबैभन्दा ठूलो संस्था हो । विभिन्न ज्ञान विकास गर्ने कार्यक्रमहरू, मनोवृत्ति परिवर्तन गर्ने सत्रहरू, अभियान तथा क्रियाकलापहरूका माध्यमबाट निल हिरा समाजले यो पैरवी अभियानको नेतृत्व गरिरहेको छ । हाल यसको ध्यान यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय माथिको लाञ्छना न्यूनीकरण गर्नेबाट विस्तारै उक्त समुदायलाई कानूनी संरक्षण प्रदान गर्ने, वैवाहिक समानताका लागि पैरवी गर्ने, तथा उक्त समुदायका व्यक्तिहरूले बालबालिका धर्मपुत्र वा धर्मपुत्री राख्न पाउनका लागि पैरवी गर्नेतर्फ केन्द्रित हुँदैछ ।

सन् २००९ मा नेपाल गणतान्त्रिक मुलुक बन्यो जसअगाडि सन् २००६ मा अप्रजातान्त्रिक शासनको विरोधमा विशाल जनप्रदर्शन भएको थियो जसलाई जनआन्दोलनको संज्ञा दिइएको थियो । सन् २००६ पश्चात् नयाँ विचार तथा मनोवृत्तिहरू प्रति बढी खुलापन आएको थियो र यसले गर्दा अझ राम्रो भविष्य स्थापना गर्नका लागि मार्ग प्रदस्त गर्ने विभिन्न विकासक्रमहरू भएका थिए । सन् २००७को अप्रिलमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई प्रतिनिधित्व गर्ने विभिन्न संस्थाहरू- निल हिरा समाज, मितिनी नेपाल, क्रुजएड्स नेपाल र परिचय समाजले मिलेर नेपालको अन्तरिम संविधानको धारा १०७ (२) अन्तर्गत तेस्रो लिङ्गी व्यक्तिहरूको यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको रूपमा पहिचान र यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानको आधारमा हुने भेदभाव प्रतिबन्धित गर्ने कानूनको माग गर्दै रिट हालेका थिए ।[१२]

जनआन्दोलन र उक्त रिट निवेदनपश्चात्, सर्वोच्च अदालतले पौष ६, २०६४ मा फैसला गऱ्यो र सरकारलाई देशका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय माथि भेदभाव गर्ने विद्यमान कानूनहरू संशोधन गर्ने आदेश दियो ।[१३] सर्वोच्च अदालतले अन्तिम फैसलामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको पूर्ण अधिकारहरूको प्रत्याभूति गराउने आदेश दियो जसमा समलिङ्गी जोडीहरूको विवाह गराउने अधिकार पनि पर्दछ ।[११] यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको पक्षमा भएको यो ऐतिहासिक फैसला थियो । यसका साथै, अदालतले सरकारलाई समलिङ्गी जोडीहरूसम्बन्धी अन्य देशहरूमा भएका कानूनहरू अध्ययन गर्न एउटा समिति गठन गर्ने आदेश दियो र नयाँ कानूनले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको विरूद्धमा कुनै भेदभाव नगर्ने आदेश दियो । यसको दुई वर्षपश्चात् अर्थात् सन् २००९ मा सरकारले नेपालमा समलिङ्गी विवाहको अध्ययन गर्न र प्रतिवेदन तयार पार्नका लागि विज्ञहरूको समूह गठन गऱ्यो ।[११] उक्त समितिमा स्वास्थ्य मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल सरकार, नेपाल प्रहरी, तथा जनसंख्या तथा वातावरण मन्त्रालय, कानून, न्याय, तथा संघीय मामिला मन्त्रालयले मनोनित गरेका प्रतिनिधिहरू र एकजना अधिवक्ता समावेश थिए । उक्त समिति आफैं यस विषयमा जानकार हुन आवश्यक

रहेको हुनाले उक्त समितिले यौन अभिमुखीकरण, लैङ्गिक पहिचान, तथा समलिङ्गी विवाहकाबारेमा भएका पूर्वकार्यहरूको अध्ययन तथा समीक्षाबाट आफ्नो कामको थालनी गऱ्यो । त्यसपश्चात्, काठमाडौं उपत्यका तथा देशका विभिन्न भूभागहरू - तराई (सबैभन्दा बढी जनसंख्या भएको र उत्तरी भेगको तुलनामा बढी अतिवाद व्याप्त भएको ठानिने देशको दक्षिणी भूभाग) र मेची (सबैभन्दा पूर्वको अञ्चल) देखि पश्चिम महाकाली (सबैभन्दा पश्चिमको अञ्चल)सम्मका प्रमुख शहरहरूका सामुदायिक अगुवाहरू, मानव अधिकार अभियन्ताहरू, धार्मिक व्यक्तित्वहरू, लैङ्गिक अधिकार अभियन्ताहरू, यौनिक अल्पसंख्यक, प्राध्यापक, तथा विद्यार्थीहरूसँग विभिन्न छलफलहरू आयोजना गरिएको थियो । यी भ्रमणहरूमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मानिसहरूले भोगिरहेका समस्याहरू र उनीहरूका प्राथमिकताहरू, वैवाहिक जीवनका अनुभवहरूकाबारेमा छलफल गरिएको थियो । त्यसैगरी, एउटा प्रश्नावलीको माध्यमबाट यौनिक तथा अल्पसंख्यक समुदायका व्यक्तिहरूका आमाबुबाहरू, छिमेकीहरू, जिल्ला तथा क्षेत्रीय प्रशासन, प्रहरी प्रमुखहरू, केही विद्यालयका शिक्षकशिक्षिकाहरू, केही संस्थाका प्रतिनिधिहरू तथा मानव अधिकार अभियन्ताहरूको जानकारी तथा अनुभव संकलन गरिएको थियो ।[१४]

गठन भएको ५ वर्षपश्चात्, सन् २०१४ मा उक्त समितिले नेपाल सरकारका मुख्य सचिवलाई एउटा बृहत् प्रतिवेदन पेश गऱ्यो जसले नेपालमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अभियानको अवस्था, वर्तमान सामाजिक तथा राजनीतिक अवरोधहरू, तथा अन्य देशका सान्दर्भिक कानूनहरू माथि प्रकाश पारेको थियो । उक्त प्रतिवेदनले नेपाललाई वैवाहिक समानता तथा परिवार संरक्षण अवलम्बन गर्न र मुलुकी देवानी तथा मुलुकी अपराध संहिताबाट भेदभावमूलक प्रावधानहरू हटाउन सिफारिस गऱ्यो । थप कारवाहीका लागि उक्त प्रतिवेदन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय पठाइयो ।

फेब्रुअरी २०१६ मा, राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई वैवाहिक समानताको अनुमति दिने विधेयक ल्याउन अनुरोध गऱ्यो ।[१५] अक्टोबर २०१६ मा, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले यस विषयमा मस्यौदा विधेयक तयार गर्नको लागि एउटा उच्च स्तरीय विज्ञ समिति बनायो ।[१६] समलिङ्गी विवाहको प्रतिवेदन हाल महिला, बालबालिका, तथा ज्येष्ठ नागरिक मन्त्रालय (साबिकको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय) मा विचाराधीन छ तर अहिलेसम्म कुनै प्रगति भएको छैन

> “सन् २०१४को प्रतिवेदनले नेपाललाई वैवाहिक समानता तथा परिवार संरक्षण अवलम्बन गर्न र मुलुकी देवानी तथा मुलुकी अपराध संहिताबाट भेदभावमूलक प्रावधानहरू हटाउन सिफारिस गऱ्यो ।

४० वर्षीया पारलिङ्गी महिला मन्दिरा जोशी (नाम परिवर्तन गरिएको), र २२ वर्षीय पुरूष महेश केसी (नाम परिवर्तन गरिएको)ले देशमा तेस्रो लिङ्गी जोडी तथा वैवाहिक समानतासम्बन्धी कानून नभएको अवस्थामा पनि बैशाख २४, २०७४ मा आफ्नो गृह जिल्ला डडेल्धुरामा आफ्नो विवाह दर्ता गराएका थिए । उक्त दर्ता नेपालमा त्यस प्रकारको पहिलो दर्ता थियो ।[१७] मन्दिरा जोशी लिङ्ग अल्लेख गर्ने ठाँउमा 'अन्य' वर्ग अङ्कित भएको राहदानी प्राप्त गर्ने पहिलो पारलिङ्गी नेपाली पनि हुन् । महेश केसी पहिले नै एउटी महिलासँग विवाहित थिए र उक्त समयमा दुई वटा बच्चाका बाबु भइसकेका थिए । आफ्नो श्रीमान् मन्दिरासँग प्रेममा परेका थाहा पाएपछि महेशकी पहिली श्रीमतीले महेशलाई मन्दिरासँग विवाह गर्न मञ्जुरी दिइन् । उनीहरूको हिन्दू परम्पराअनुसार विवाह भयो र महेशकी पहिली श्रीमतीले विवाहको समारोहमा सहजीकरण गर्ने काम समेत गरिन् र विवाह दर्ता गर्ने कार्यालयमा लिखित मञ्जुरी पनि दिइन् । यहाँ रोचक कुरा के छ भने उक्त समयमा वैवाहिक समानतासम्बन्धी कानून पारित नभएको अवस्थामा पनि कर्मचारीतन्त्रले उक्त विवाह दर्तामाथि कुनै असहमति प्रकट गरेन ।[१८]

# नेपालमा वैवाहिक समानतालाई समर्थन गर्ने वा अवरोध गर्ने राजनीतिक वातावरण

## नेपालको संविधान

नेपालको नयाँ संविधान २०७२ले यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकारहरूलाई मौलिक अधिकारका रूपमा मान्यता दिएको छ र उक्त समूहका मानिसहरूका अधिकारसम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको छ। सन् २००८ मा पहिलो संविधानसभामा सुनिलबाबु पन्त पहिलो घोषित समलिङ्गी सांसद बनेका थिए र संविधानमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मानिसहरूको अधिकारको संरक्षण गर्नका लागि योगदान पुऱ्याएका थिए। लैङ्गिकता तथा यौन अभिमुखीकरणको आधारमा भेदभाव गर्न नपाइने लगायतका प्रावधानहरू समावेश गर्नका लागि उनी "मौलिक हक" अध्यायको मस्यौदा तयार गर्ने कार्यमा अधिक रूपमा संलग्न भएका थिए। परिणामस्वरूप, तीन वर्ष पछि, जब संविधानको मस्यौदा तयार भयो, यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मौलिक अधिकारका सम्बन्धमा उक्त संविधान निकै प्रगतिशील थियो र त्यस्तो प्रावधान गर्ने पहिलो संविधान बन्न गयो। तथापि, संविधानसभा संविधान तर्जुमा गर्न र संसदमा उक्त संविधान पारित गर्न असफल भयो र संविधान कार्यान्वयन गर्नु अगावै नयाँ संविधानसभा गठन भयो र नयाँ संविधानको मस्यौदा तर्जुमा गर्न थालियो। तथापि, नयाँ संविधानको मौलिक अधिकारको अध्याय पहिलो संविधानसभाले तयार पारेको संविधानको मस्यौदामा भएको अध्यायसँग मिल्दोजुल्दो थियो।

नयाँ संविधान २०७२ मा, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई निम्न धाराहरू अन्तर्गत भेदभाव, हिंसा तथा दुर्व्यवहारबाट संरक्षण गरिएको छ[१९]:

- धारा १२ले सबै जनाले लैङ्गिक पहिचानसहितको नागरिकताको प्रमाणपत्र पाउने कुरा उल्लेख गरेको छ।
- धारा १८ले समानताको हकलाई सम्बोधन गरेको छ र 'राज्यले नागरिकहरूका बीच मूल, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन' भन्ने उल्लेख गरेको छ।
- धारा १८ मा संविधानले यौनिक तथा लैङ्गिक अल्पसंख्यक मानिसहरूलाई पिछडिएका समूहहरूमा सूचीकृत गरेको छ जसले विशेषगरी, यौनिक तथा लैङ्गिक अल्पसंख्यक मानिसहरूका लागि कानून बनाउने बाटो खोलिदिएको छ।
- धारा १८ले साविकका 'पुरूष र महिला' तथा 'छोरा वा छोरी' शब्दावलीको ठाउँमा लैङ्गिक तटस्थ शब्दावली प्रयोग गरेको छ।
- धारा ४२ले 'समावेशी सिद्धान्त'का आधारमा राज्यको संयन्त्रमा सहभागिताको हक हुने समूहहरूमा 'यौनिक तथा लैङ्गिक अल्पसंख्यक'हरूलाई सूचीकृत गरेको छ।

## मुलुकी देवानी संहिता तथा मुलुकी अपराध संहिता

देवानी संहिता र अपराध संहिता हालसालै पारित भएका दुई संहिताहरू हुन्, जुन भाद्र १, २०७५ देखि कार्यान्वयनमा आएका छन्। देवानी संहिताले विवाह जस्ता निजी मामिलाहरूसम्बन्धी व्यवस्था गरेको छ भने अपराध संहिताले कानून अनुसार कसुर मानिने क्रियाकलापहरूकाबारेमा व्यवस्था गरेको छ। यी दुई संहिताहरूले विवाहलाई दुई फरक तरिकाले परिभाषित गरेका छन्।

मुलुकी देवानी संहिताको दफा ६७ले विवाहलाई "कुनै पुरूष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार्नु"लाई विवाहको रूपमा व्याख्या गरेको

छ जुन वैवाहिक समानताका पैरवीहरूका लागि एउटा प्रमुख चासोको विषय भएको छ किनभने यसले विवाह भनेको प्राकृतिक पुरूष र महिलाकाबीचमा मात्र हुने कुरा भन्नेतर्फ इंगित गर्दछ । यो प्रावधान सर्वोच्च अदालतको फैसला, संविधान, तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको विरूद्धमा छ । मुलुकी अपराध संहितामा भने विवाहसम्बन्धी कसुरहरू देवानी संहिताको प्रावधानको विपरित छ किनभने अपराध संहितामा विवाहका लागि "पुरूष तथा महिला" नभनी "व्यक्ति" भन्ने शब्द उल्लेख छ जुन लैङ्गिक रूपमा तटस्थ छ ।

"

नेपालको नयाँ संविधान २०७२ले यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकार हरूलाई मौलिक अधिकारका रूपमा मान्यता दिएको छ र उक्त समूहका मानिसहरूका अधिकारसम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको छ ।

# वैवाहिक समानतासँग सान्दर्भिक हुने मानव अधिकारसम्बन्धी नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू

—

## मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR)

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा १ले स्पष्टसँग "सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुन्छन्" भन्ने उल्लेख गरेको छ। उक्त घोषणापत्रको धारा २ मा "जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनैतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरूको अधिकार हुनेछ" भन्ने उल्लेख छ।

## नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR)

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), १९६६ का विभिन्न प्रावधानहरूले विवाहयोग्य उमेरका प्रत्येक व्यक्तिहरूको आफ्नो इच्छाअनुसार विवाह गर्ने र परिवार आरम्भ गर्ने अधिकारलाई समान कानूनी संरक्षण प्रदान गरेका छन्। उक्त प्रतिज्ञा पत्रअन्तर्गतको मानव अधिकार समितिको निर्णयले समलिङ्गी विवाहलाई मान्यता दिएको छ।

## दिगो विकास लक्ष्य (SDG)

दिगो विकास लक्ष्यको लक्ष्य १०ले विद्यमान असमानता घटाउने लक्ष्य लिएको छ। लक्ष्य १०ले सन् २०३० सम्ममा उमेर, लिङ्ग, अपाङ्गता, जातीयता, उत्पत्ति, धर्म वा आर्थिक वा अन्य हैसियत जेसुकै भएता पनि सबैका लागि सामाजिक, आर्थिक तथा राजनीतिक समावेशीकता प्रवर्द्धन गर्ने र सशक्तिकरण गर्ने उद्देश्य राखेको छ।

## योग्यकर्ता सिद्धान्त र योग्यकर्ता[१०]

योग्यकर्ता सिद्धान्त यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचानको सम्बन्धमा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरूको अनुप्रयोगसम्बन्धी सिद्धान्तहरूको समूह हो जसलाई विश्वभरीका मानव अधिकार विज्ञहरूले विकास गरेका हुन्। योग्यकर्ता सिद्धान्तको धारा २४ले स्पष्ट रूपमा प्रत्येक व्यक्तिले यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचानका आधारमा भेदभाव विना परिवार प्रारम्भ गर्न पाउने उल्लेख गरेको छ। योग्यकर्तालाई राज्यस्तरबाट अनुमोदन त गरीसकिएको छैन तर नेपालका नागरिक समाजका प्रतिनिधिहरूले उक्त सिद्धान्तमा हस्ताक्षर गरेका छन् जसले नेपालको पैरवी अभियानमा थप टेवा पुर्‍याएको छ।

# वैवाहिक समानतालाई वैध बनाउनु किन महत्वपूर्ण छ ?

जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD)को कार्ययोजनाअनुसार, प्रत्येक व्यक्तिलाई आफू विवाह गर्ने कि नगर्ने र कहिले रकोसँग विवाह गर्ने भन्ने कुराको स्वतन्त्र निर्णय गर्ने अधिकार हुन्छ । विवाह तथा स्वास्थ्यसम्बन्धी भएका अनुसन्धानहरूले एकनाससँग देखाएका छन् कि विवाहित मानिसहरूले अन्यले भन्दा बढी सुखी, स्वस्थ, तथा दीर्घायु जीवन जीउने गर्दछन् । तसर्थ, वैवाहिक समानताले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मानिसहरूलाई थप सुखी, स्वस्थ, तथा दीर्घायु जीवन जिउन मद्दत गर्दछ । वास्तवमा, वैवाहिक समानतालाई मान्यता दिएका राज्यहरूमा गरिएका अध्ययनहरूले स्वास्थ्य तथा स्याहारको पहुँचमा उल्लेख्य सुधार भएको देखाएका छन् ।[१९]

हेन्ड्रिक हर्ट्जवर्गका अनुसार, "विवाह एउटा जीवनसाथी र अर्को जीवनसाथीका बीचमा हुनुपर्दछ, एउटा लिङ्ग र अर्को लिङ्गका बीचमा होइन ।" समलिङ्गी विवाहलाई वैध बनाउनाले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका दम्पतीहरू तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई सामाजिक स्वीकृति प्राप्त गर्न र युवा आत्महत्या दर न्यूनीकरण गर्न मद्दत पुग्छ ।[२०] विभिन्न देशहरूमा यौन तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको आत्महत्या प्रयास दर ३२% देखि ५०% रहेको छ । आत्महत्या गर्न प्रेरित गर्ने प्रमुख तत्वहरूमा लैङ्गिक उत्पीडन, भेदभाव, दादागिरी, हिंसा, परिवार, साथीभाइ तथा समुदायद्वारा बहिष्कार; घनिष्ठ व्यक्ति, परिवारको सदस्य, प्रहरी र सर्वसाधारणबाट दुर्व्यवहार; स्वास्थ्यस्याहार प्रणालीमा भेदभाव र दुर्व्यवहार जस्ता कुराहरू पर्दछन् ।[२१] विवाह गर्न नपाउनु मानव अधिकारको हनन् मात्र नभएर यसका अन्य कानूनी परिणामहरू पनि हुन्छन् जसले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका दम्पतीहरूलाई विभिन्न अवरोधहरू सिर्जना गर्दछन् जस्तै जीवनसाथीको सम्पत्तिमाथिको पहुँचमा वा सम्बन्धविच्छेद भएको अवस्थामा संयुक्त सम्पत्ति माथिको स्वामित्व निर्धारण गर्ने सम्बन्धमा । सहजीवन (सँगै बसोबास गरिरहेका जोडी) गरिरहेका दम्पतीहरूले पनिकोठा भाडा पाउन संघर्ष गर्नुपरेको पाइएको छ । समलिङ्गी विवाहलाई वैध बनाइएमा समलिङ्गी दम्पतीलाई आफूले नजन्माएका बालबच्चाको कानूनी अभिभावक बन्ने अवसर प्रदान गर्दछ ।

विपरीत लिङ्गी संसारमा विभिन्न सामाजिक पूर्वाग्रहको सामना गर्नुपर्ने भएकाले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूले "अल्पसंख्यक तनाव"को सामना गर्नुपरेको पाइएको छ जसले उनीहरूको मानसिक तथा शारीरिक स्वास्थ्यमा नकारात्मक असर पार्ने गर्दछ ।[२२] अध्ययनहरूले देखाएअनुसार सामाजिक तथा कानूनी रूपमा मान्यता प्राप्त सम्बन्धमा रहन पाएमा उनीहरूको मानसिक स्वास्थ्यमा केही लाभ हुनेछ । कानूनी रूपमा मान्यता प्राप्त समलिङ्गी सम्बन्धमा रहँदा, विशेषगरी विवाहमा रहँदा, विपरीत लिङ्गी व्यक्तिहरू र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूबीचको मानसिक स्वास्थ्यको अन्तरमा कमी आउने[२३] र यसले जोखिममा रहेको समुदायको स्वास्थ्यको अवस्थामा सकारात्मक प्रभाव पार्ने देखिएको छ ।

विवाहले गर्दा, व्यक्तिहरू आफ्नो जोडी प्रति अझ बढी समर्पित हुने गर्दछन् र उनीहरूका परिवार तथा समुदायले उनीहरूलाई बढी स्वीकार्ने गर्दछन् । ७२% भन्दा बढीले आफू आफ्नो जोडी प्रति बढी समर्पित रहेको र करिब ७०%ले आफूलाई आफ्नो समुदायले बढी स्वीकारेको महशुस गरेका थिए । साथै, विवाहित समलिङ्गी जोडीहरू समुदायमा बढी संलग्न रहने गरेका पनि पाइएको छ ।[२४]

> "विवाह एउटा जीवनसाथी र अर्को जीवनसाथीका बीचमा हुनुपर्दछ, एउटा लिङ्ग र अर्को लिङ्गका बीचमा होइन ।

समलिङ्गी दम्पतीसम्बन्धी कानूनहरूले जोखिमपूर्ण यौन व्यवहार तथा यौनजन्य संक्रमणहरूको दर घटाउने गरेको पाइएको छ। समलिङ्गी दम्पतीसम्बन्धी कानूनका समर्थकहरूले उक्त कानूनले समलिङ्गी दम्पती माथि स्वस्थकर प्रभाव पर्ने र उनीहरूलाई भावनात्मक र कानूनी प्रतिबद्धता जाहेर गर्न प्रोत्साहित गर्ने बताउँछन्। उक्त विचारमा आधारित एउटा महत्वपूर्ण निष्कर्ष के हो भने समलिङ्गी दम्पती कानूनले यौनिक वफादारिता प्रवर्द्धन गर्नेछ र यौनजन्य संक्रमणको दरमा कमी ल्याउने सम्भावना राख्दछ।[२५]

समग्रमा यी अनुसन्धानहरूले के देखाउँछन् भने समलिङ्गी दम्पतीलाई विवाहको अधिकारबाट वञ्चित गर्नुपर्ने कुनै वैज्ञानिक आधार छैन र त्यसो गर्नाले उनीहरू तथा उनीहरूको परिवार तथा साथीभाइ माथि नकारात्मक असर पर्नसक्ने सम्भावना रहन्छ।

# मामिला अध्ययन

सुष्मा थापा (महिला, नाम परिवर्तन गरिएको) १४ वर्षकी हुँदा प्रेममा परिन्। उनकी जोडी विनिता कार्की (महिला, नाम परिवर्तन गरिएको) १६ वर्षकी थिइन्। तर सन् २०११ मा, जब सुष्मा १७ वर्षकी भइन् उनका आमाबुबाले उनलाई एकजना केटासँग उनको विवाहको तयारी भइरहेको कुरा बताए। उनका आमाबुबाले उनी अर्को महिलासँग प्रेममा भएको कुरा स्वीकार्न सकेनन्।

उक्त जोडीले विष सेवन गरेर आत्महत्या गर्ने प्रयास गरे तर बेलैमा उपचार गरिएकोले उनीहरूको जीवन बच्यो। त्यसैले उनीहरूले भाग्ने अर्को बाटो रोजे : नेपालको राजधानी काठमाडौं जाने र त्यहीँ सँगै नयाँ जीवन बसाउने। यो काम सजिलो त थिएन तर उक्त जोडीले जीवन धाने। विनिता अहिले आफूलाई पुरूषको रूपमा परिचित गराउँछिन्। उनले औपचारिक रूपमा लिङ्ग परिवर्तन भने गरेका छैनन्। यो जोडी अहिले खुशी छ तर उनीहरूले विवाह भने गर्न पाउँदैनन्।

समलिङ्गी जोडीहरूलाई विवाह गर्न दिएर विवाहरूपी संस्था कमजोर हुँदैन बरू झन बलियो हुन जान्छ र विवाह समाज निर्माणको एउटा आधार बनेको सुनिश्चित गर्दछ भनेर सुष्मा भन्छिन्। सुष्मा वैवाहिक समानताले उनीहरूलाई सामाजिक मान्यता र समावेशिताको भावना प्रदान गर्ने विश्वास गर्छिन्।

कञ्चनपुर, महेन्द्रनगरकी सविना जोशी (महिला, नाम परिवर्तन गरिएको)ले आफ्नो अमेरिका बसाइँको दौरानमा लुना मिश्र (महिला, नाम परिवर्तन गरिएको) नामक अमेरिकी नागरिकसँग विवाह गरिन् । विवाह भएको एक वर्षपश्चात् उक्त जोडीले नेपाल आउने निर्णय गऱ्यो । केही महिनाको लागि लुना पर्यटक प्रवेशाज्ञामा नेपाल बसिन् । उनको पर्यटक प्रवेशाज्ञाको समयावधि सकिन लाग्दा उनीहरूले अध्यागमन विभागलाई वैवाहिक प्रवेशाज्ञाका लागि निवेदन गरे । उनीहरूको निवेदनलाई अध्यागमनले स्वीकाऱ्यो र फाइल गृह मन्त्रालय तथा परराष्ट्र मन्त्रालयमा पठायो । तर लुनालाई गैर पर्यटकीय प्रवेशाज्ञा दिने कि नदिने भन्ने सम्बन्धमा अध्यागमन विभागले कुनै निर्णय गर्न सकेन ।

त्यसैले सविनाले आफ्नो जोडीको लागि गैर पर्यटकीय प्रवेशाज्ञाको माग गर्दै सर्वोच्च अदालतमा मुद्दा हालिन् । शुरूमा, अदालतले उनीहरूको मुद्दामा रोक्का गर्दै आदेश जारी गर्न अस्वीकार गऱ्यो । तर पनि, सविना र लुनाले आशा मारेनन् । उनीहरूले संघर्ष जारी राखे र अन्तमा, सर्वोच्च अदालतको संयुक्त इजलासले अध्यागमन विभागलाई लुनालाई गैर पर्यटकीय प्रवेशाज्ञा प्रदान गर्ने आदेश दियो । सविनाका वकिल भन्छन् यस फैसलाले नेपालको न्याय प्रणालीमा नयाँ आयाम थपिदिएको छ किनकी यस फैसलाले नेपालीसँग समलिङ्गी विवाह गर्ने अन्य पर्यटकहरूलाई पनि नेपालमा गैर पर्यटकीय प्रवेशाज्ञा प्राप्त गर्ने बाटो खोलिदिएको छ ।[२६]

# विश्वभरीका केही राम्रा अभ्यासहरू

## नेदरल्याण्डस्

नागरिक विवाहको कानूनमा समलिङ्गी जोडीहरूलाई पनि समावेश गर्ने विश्वको पहिलो देश नेदरल्याण्डस् हो । नेदरल्याण्डस्ले सन् २००१ मा सो कार्य गरेको थियो । हाल नेदरल्याण्डस्मा समलिङ्गी वा कुनै पनि लैङ्गिक पहिचानका जोडीहरूले विपरीत लिङ्गी जोडीहरूलाई उपलब्ध कुनै पनि विकल्पहरूको प्रयोग गरेर आफ्नो विवाहलाई कानूनी मान्यता दिनसक्छन् ।[२७]

### ◇ विवाह

राज्य सरकारले जारी गरेको अनुमति पत्रको माध्यमबाट विवाहले मान्यता पाउँछ । उक्त अनुमति पत्रले दुई व्यक्तिहरूलाई कानूनी अधिकार प्रदान गर्नुका साथै उनीहरूको दायित्व पनि तोक्दछ ।

### ◇ दर्ता गरिएको साझेदारी/सम्बन्ध

विवाहका सामाजिक लाभहरू लिन चाहने तर परम्परागत विवाह गर्न नचाहने जोडीहरूले आफ्नो साझेदारी/सम्बन्धलाई दर्ता गर्न सक्छन् जसबाट उनीहरूले मूलतः विवाहित जोडीको समान अधिकारहरू हासिल गर्छन् ।

### ◇ सहजीवन सम्झौता

सँगै बसोबास गर्न चाहने र आफ्नो आयव्यय तथा सम्पत्ति (जस्तै बैंक खाता, धनजन वा बन्धकी) एकअर्कामा बाँडन चाहने जोडीहरूका लागि नेदरल्याण्डस्मा सबैभन्दा राम्रो प्रावधान सहजीवन सम्झौता हो ।

## ताइवान

ताइवानको सर्वोच्च अदालतले सम्विधानको अधिनमा रही समलिंगी जोडिको विवाह गर्ने अधिकार रहेको र समलिंगी जोडिलाई विवाह गर्न रोक लगाउनु भनेको उनीहरूको विवाहको र समानताको अधिकारको हनन हुने हो, भनेर निर्णय दियो । सो अदालतले संसद्लाई समलिंगी मिलन समबन्धी कानुन संसोधन वा लागू गर्न दुइ वर्ष समय दियो, सो गर्न नसके हालको संयन्त्र अन्तर्गत नै समलिंगी जोडिले विवाह दर्ता गर्न पउने आदेश दियो । मे २४, २०१७ मा ताईवानले समलिंगी विवाहको पक्षमा निर्णय दियो र समलिंगी मिलन लाई कानुनी वैधानिकता प्रदान गर्ने एसियाकै पहिलो राष्ट्र बन्यो ।[२८]

## दक्षिण अफ्रिका

### ◇ विवाह र नागरिक सम्बन्ध/साझेदारी

दक्षिण अफ्रिकाको संवैधानिक अदालतले समलिङ्गी सम्बन्धलाई मान्यता दिने कथित् 'फरक तर समान' पद्धति असंवैधानिक भएको र यसले अन्यायपूर्ण भेदभावलाई नहटाउने स्पष्ट पारेको छ ।[१४]

### ◇ नागरिक सम्बन्ध/मिलन ऐन

नागरिक सम्बन्ध/मिलन ऐन अन्तर्गतको सम्बन्धलाई, दम्पतीको रोजाइमा, विवाह वा नागरिक सम्बन्ध/साझेदारी भन्न सकिन्छ । जुनसुकै नाम रोजिएता पनि यसको कानूनी परिणाम विवाह ऐन अन्तर्गत विवाह गरेको झैं हुन्छ ।

## न्यू जिल्याण्ड

### ◇ विवाह संशोधन ऐन

त्यो ऐनले जोडीहरूको लैङ्गिक वा यौनिक अभिमुखीकरण जेसुकै भएता पनि उनीहरूलाई विवाह गर्न दिन्छ । यस संशोधनले तेस्रो लिङ्गी व्यक्तिहरूलाई आफ्नो पहिचानसम्बन्धी कागजातहरूमा आफ्नो लिङ्ग परिवर्तन गर्न तर विवाहित रहिरहन (पहिले सम्बन्धविच्छेद गरेर नागरिक सम्बन्धमा परिवर्तन गर्नुपर्थ्यो) दिन्छ । विवाहको फारममा व्यक्तिहरूले 'दुलाहा', 'दुलही' वा 'साझेदार'को विकल्प छनौट गर्न पाउँछन् ।[१४]

कर, निवृत्तिभरण, अध्यागमन, दाम्पत्य समर्थन दायित्व, वंश-क्रम, तथा निकटतम नातेदारसम्बन्धी कानूनहरू सबै किसिमका विवाहहरूमा समान तरिकाले लागू हुन्छन् ।

# आव्हान

माथि प्रस्तुत गरिएको छलफलको आधारमा, RHRNले नेपाल सरकारलाई निम्न कुराहरू कार्यान्वयन गर्न र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूसँग वा उनीहरूको हकअधिकारका लागि काम गरिरहेका निर्णयकर्ता तथा संस्थाहरू, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय अभियन्ताहरू, मानव अधिकार अभियन्ताहरू, युवा, सञ्चारकर्मी आदिलाई निम्न कुराहरूको लागि पैरवी गर्नका लागि आव्हान गर्दछ :

- वैवाहिक समानतालाई संस्थागत गरेर सकेसम्म चाँडो नेपालका सबै तहमा - संघीय, प्रादेशिक, तथा स्थानीय तहमा वैवाहिक समानतालाई वैधानिक बनाउन ।
- मुलुकी देवानी संहिता (किनभने यसले अध्याय ३को पारिवारिक कानूनअन्तर्गत विवाहसम्बन्धी व्यवस्थामा "पुरूष र महिला" मात्र उल्लेख गरेको छ) जस्ता भेदभावपूर्ण कानून जुन मुलुकी अपराध संहिता (जसले विवाहलाई दुई व्यक्तिको "मिलन"को रूपमा परिभाषित गरेको छ) विपरीत छ, लाई संशोधन गर्न । साथै यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई स्वतन्त्र र जिम्मेवारीपूर्वक आफ्नो जीवनसाथी रोज्ने उनीहरूको अधिकार भेदभाव गर्ने अन्य सबै कानूनहरू पनि संशोधन गर्न ।
- सन् २००७को सर्वोच्च अदालतको फैसलाअनुसार गठन भएको समलिङ्गी विवाह समितिले सरकारसमक्ष पेश गरेका सुझावहरूलाई तुरुन्त कार्यान्वयन गर्न ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मानव अधिकारसम्बन्धी कानूनी प्रावधानलाई सही तरिकाले लागू गर्ने तथा व्याख्या गर्ने सरकारको क्षमता तीनै तहमा विकास गर्न ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय प्रति यौनबारेमा सकारात्मक सोच, लिङ्गसम्बन्धी समर्थक मनोवृत्ति, दृष्टिकोण तथा व्यवहार प्रवर्द्धन गर्ने सञ्चार माध्यम, विद्यालय पाठ्यक्रम तथा परिवर्तनका अन्य संवाहकलाई अनुरोध गर्न ।

# सन्दर्भ सामग्री


[१] Woodford MR. Marriage equality and beyond. Journal of Gay & Lesbian Social Services. 2010 Jan 29;22(1-2):1-8.

[२] Human Rights Campaign Foundation. Answers to questions about marriage equality [Internet]. Human Rights Campaign Foundation; [cited 2018 Jan 3] Available from: https://gaymarriage.procon.org/sourcefiles/HRC-answers-to- questions-about-marriage-equality.pdf

[३] Washington Post. Marriage Sacred or Civil Institution [Internet]. 2009 Aug. [ cited 2017 Dec 24] Available from: http://www.washingtonpost.com/wp-dyn/content/article/2009/07/31/AR2009073103602.html

[४] Cline, Austin. 10 Common Arguments Against Gay Marriage [Internet]. ThoughtCo; [updated 2018 April 10]; [ cited 2018 April 15]. Available from: thoughtco.com/moral-and-religious-arguments-250095.

[५] Kukhianidze K. Adoption By Same-sex Couples. European Scientific Journal, ESJ. 2013 Aug 8;9(10).

[६] Laws.com. Gays Rights Movement [Internet]. Laws.com; 2017; [cited 2017 Nov 23] Available from: https://marriage.laws.com/gay-rights-movement

[७] Erick Eckholm. The Same-Sex Couple Who Got a Marriage License in 1971[Internet]. Minneapolis: The New York Times; 2015 May 16; [cited 2018 Feb 2] Available from: https://www.nytimes.com/2015/05/17/us/the-same-sex-couple-who-got-a-marriage-license-in-1971.html

[८] Sheila Rule. Rights for Gay Couples in Denmark [Internet].The New York Times; 1989 October. [cited 2018 Dec 3] Available from: https://www.nytimes.com/1989/10/02/world/rights-for-gay-couples-in-denmark.html

[९] The Associated Press. First Gay Couples Marry in the Netherlands [Internet].The New York Times; 2001 April 2. [ cited 2018 Mar 4] Available from: https://www.nytimes.com/2001/04/02/world/first-gay-couples-marry-in-the-netherlands.html

[१०] Masci D, Sciupac E, Lipka M. Gay Marriage Around the World [Internet]. Pew Research Center; 2017 Aug 8. [ cited 2018 Jan 14]. Available from:http://www.pewforum.org/2017/08/08/gay-marriage-around-the-world-2013/

[११] Panthi K. SGM Rights in Nepal: Few Steps forward, one step backward [Internet]. The Huffington Post; 2016 Sep 5 [update 2017 Dec 6]; [cited 2017 Nov 23]. Available from: https://www.huffingtonpost.com/kishor-panthi/SGM-rights-in-nepal-few_1_b_9854660.html

[१२] International Commission of Jurists. Sunil Babu Pant and Others/ v. Nepal Government and Others, Supreme Court of Nepal (21 Dec 2007) [Internet]. International Commission of Jurists. 2007; [cited 2017 Dec 3] Available from: https://www.icj.org/sogicasebook/sunil-babu-pant-and-others-v-nepal-Government-and-others-supreme-court-of- nepal-21-december-2007/

[१३] Hope Online. Gender Equality: A movement for Change [Internet]. Hope Magazine; [ cited 2018 Jan 5] Available from: http://hope.com.np/en/cover-story/gender-equality-movement-change

[१४] Same-sex marriage Committee. Same-sex marriage Study Report, 2014.

[१५] The Kathmandu Post. NHRC writes to implement report on Same-sex marriage [Internet]. Kathmandu: The Kathmandu Post; 2016 Nov 02;[ cited 2017 Dec 15]Available from: http://kathmandupost.ekantipur.com/news/2016-02-11/nhrc-writes-to-implement-report-on-same-sex-marriage.html

[१६] Pahichan. All set to get legal status [Internet]. Pahichan;2016 Oct 21; [cited 2017 Dec 4]. Available from: http://pahichan.com/all-set-to-get-legal-status/

[१७] The Himalayan Times. LGBT couple registers marriage first Nepal [Internet]. Kathmandu: The Himalayan Times; 2017 Aug 5. Available from: https://thehimalayantimes.com/nepal/lgbt-couple-registers-marriage-first-nepal/

[१८] Pahichan. Same-sex marriage has been registered for the first time in Nepal [Internet]. Pahichan; 2017 July 25. Available from: http://pahichan.com/same-sex-marriage-has-been-registered-for-the-first-time-in-nepal/

[१९] Gonzales G. Why Same-sex marriage is important for good health [Internet]. Scholars; 2013 Dec 10. [ cited 2017 Dec 13]. Available from: http://www.scholarsstrategynetwork.org/brief/why-same-sex-marriage-important-good-health

[२०] Willingham AJ. Same-sex marriage laws might decrease teen suicides, says study [Internet]. CNN; [updated 2017 Feb 20]. Available from: http://edition.cnn.com/2017/02/22/health/teen-suicide-same-sex-marriage-study-trnd/ index.html

[२१] Virupaksha HG, Muralidhar D, Ramakrishna J. Suicide and suicidal behavior among transgender persons. Indian journal of psychological medicine. 2016 Nov;38(6):505.

[२२] Buffie WC. Public health implications of marriage equality. American Journal of Public Health. 2011 Jun;101(6): 986-90.

[२३] Wight RG, LeBlanc AJ, Lee Badgett MV. Same-sex legal marriage and psychological well-being: findings from the California Health Interview Survey. American journal of public health. 2013 Feb;103(2):339-46.

[२४] Ramos C, Goldberg NG, Badgett MV. The effects of marriage equality in Massachusetts: A survey of the experiences and impact of marriage on same-sex couples.

[२५] Dee TS. Forsaking all others? The effects of same-sex partnership laws on risky sex. The Economic Journal. 2008 Jul 1;118(530):1055-78.

[२६] Sharma S. Nagariksangasamalingibibahagarnebideshilaigairparyatakiya visa dinasarwoccha ko aadesh. Kathmandu: Setopati; 2017 October 25. Available from: http://setopati.com/politics/98704

[२७] Expat Info. Same-sex marriage in Netherlands. Available from: https://www.iamexpat.nl/expat-info/family-kids/ same-sex-marriage-netherlands

[२८] Haas B. The Guardian. Taiwan's top court rules in favour of marriage equality; 2017 May 24; [cited 2017 Nov 14]. Available from: https://www.theguardian.com/world/2017/may/24/taiwans-top-court-rules-in-favour-of-same-sex- marriage